# प्रेस विज्ञप्ति

आज मिति २०८२ साल असार १२ गते बिहीबारका दिन बेलबारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय मोरङमा बेलबारी नगर क्षेत्रभित्रका केही अराजक व्यक्तिहरूले ध्यानाकर्षण पत्र दिने नाममा बेलबारी नगरपालिकाका राष्ट्रसेवक कर्मचारीहरू प्रति गरेको दुर्व्यवहार प्रति हामी बेलबारी नगरपालिकामा कार्यरत सम्पूर्ण कर्मचारी परिवारको देहायको विषयमा गम्भीर आपत्ति रहेको हुँदा व्यक्तिगत जीवनमा तथाकथित आरोप लगाउने, कार्यस्थलमा कार्यसम्पादन गरिरहेको अवस्थामा आक्रमण गर्ने मनसाय सहित प्रस्तुत हुने कार्यले हामी बेलबारी नगरपालिकामा कार्यरत सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरूको व्यक्तिगत जीवनको सुरक्षाको प्रत्याभूति नहुन्जेलसम्म कार्यस्थलमा रही आर्थिक वर्षको अन्त्यमा दिनरात नभनी कामकाज गर्नुपर्ने परिस्थितिमा अकल्पनीय घटनाक्रमले सम्पूर्ण कर्मचारीहरू कामकाज गर्न असमर्थ रहेको हुँदा देहायका मागहरू सहित अनिश्चित कालिन पेन डाउन गर्न बाध्य भएका छौं । यस बाध्यात्मक परिस्थितिले बेलबारी नगरपालिकाको कार्यालय तथा सम्पूर्ण नगरबासीहरुप्रति पर्न गएको असुविधा प्रति क्षमा प्रार्थी छौं । हामी सदैव कानुनको शासन र सुरक्षित कार्यक्षेत्रमा रही सदैव जनताको सेवामा रहने अवस्थाको सृजना गरिदिनुहुन सम्पूर्ण सरोकारवाला पक्षहरूसँग जोडदार माग गर्दछौं ।

कर्मचारी लक्षित गरी गरिएका निम्न कार्यहरू कानुनको परिधिमा रही सरोकार राख्ने पक्षहरूबाट निष्पक्ष रूपमा छानबिन गरी यथार्थ जनतासमक्ष प्रस्तुत हुने र कर्मचारीहरूको व्यक्तिगत जीवनमा लक्षित गरी गरिएको अराजक, तुच्छ अभिव्यक्ति व्यक्त गर्ने व्यक्ति/पक्षहरूलाई यथाशक्य/शीघ्र मुलुकी अपराध संहिता, २०७४ को दफा ३०७ मा व्यवस्था भए बमोजिम दण्डित गरी कानुनी शासनको प्रत्याभूति गराईयोस ।

उक्त अराजक समूहले निम्न व्यवहार तथा अभिव्यक्ति दिइएको

१. बेलबारी नगरपालिकामा मिति २०८२।०३।०८ गते मात्र हाजिर हुनुभएका प्रमुख प्रशासकीय अधिकृतमाथि सबै विषयमा जानकारी हुन नपाउँदै कार्यकक्षमा नगर प्रहरीले प्रवेश नगर्न अनुरोध गर्दागर्दै हुल हुज्जत सहित सांकेतिक आक्रमण गर्न प्रयास गरिएको ।
२. कर्मचारीहरूलाई बोरामा हालेर बाँधी कार्यालयबाट घिसारी लग्ने भनी बोरा सहित कार्यकक्षमा प्रवेश गरेको ।
३. कर्मचारीहरूलाई व्यक्तिगत रूपमा जुनसुकै बखत जहाँसुकै शारीरिक र साङ्घातिक आक्रमण गर्ने धम्की दिएको ।
४. कर्मचारी तथा कर्मचारी पारिवारलाई लक्षित गरी सामाजिक सञ्जालमा प्रत्यक्ष प्रसारण गरी चरित्र हत्या गर्ने काम गरेको ।
५. कर्मचारीलाई जथाभावी तथानाम गालीगलौज गरी अशिष्ट लाञ्छना लगाएको ।

६. विगतमा समेत विभिन्न समयमा यस कार्यालयमा कार्यरत राष्ट्रसेवक कर्मचारीहरुलाई पटक पटक कार्यकक्ष तथा कार्यालय बाहिर कार्यालय समय अघि पछी समेत कर्मचारीलाई शारिरिक तथा छोराछोरीहरुलाई समेत जुनसुकै बेला भौतिक आक्रमण गर्ने निरन्तर धम्की दिईरहेका ।

<u>आन्दोलनका कार्यक्रमः</u>

१. बेलबारी नगरपालिकामा कार्यरत सम्पूर्ण कर्मचारीहरू (अत्यावश्यक सेवामा कार्यरत कर्मचारीहरू बाहेक) बेलबारी नगर कार्यपालिकाको कार्यालयमा भेला भई हातमा कालोपट्टि बाधि मिति २०८२।०३।१३ गते कामकाज नगर्ने/नगराउने ।

२. मिति २०८२।०३।१५ गते देखि २०८२।०३।१९ गतेसम्म हातमा कालोपट्टी बाँधी कामकाज गर्ने गराउने ।

३. माथी उल्लेखित समयावधि भित्र सम्बन्धीत अराजक पक्षहरूलाई कानुनी दायरामा नल्याए मिति २०८२।०३।२० गते देखि बेलबारी नगर कार्यपालिकाको कार्यालयमा सम्पूर्ण कमर्चारी भेला भई हातमा कालोपट्टि बाधि अनिश्चित कालसम्म कामकाज नगर्ने/नगराउने (अत्यावश्यक सेवामा कार्यरत कर्मचारीहरू बाहेक) ।

<u>सादर अवगतार्थ</u>

श्रीमान् नगर प्रमुख/उपप्रमुखज्यू — यथाशीघ्र कामकाज गर्ने वातावरण निर्माण गरिदिनुहुन ।

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू — कर्मचारीको मागहरू यथाशीघ्र सम्बोधन हुने वातावरण निर्माण गरिदिनुहुन ।

<u>बोधार्थ</u>

श्री जिल्ला प्रशासन कार्यालय, मोरङ — जानकारीका लागि ।